## आदर्श विवाह खोज्न येशूले कता तिर औंल्याउनुभयो?

**मुख्य शब्द**

**संकेत बिन्दु**

येशूले 'आदि'का कुरालाई संकेत गर्नुभयो।

**'आदि' तिर!** तपाईंले हिब्रू बाइबलमा विवाहको राम्रो उदाहरण कहाँ पाउनुहुन्छ? अब्राहाम र सारा, याकूब र लेआ/राहेल/बिल्हा/जिल्पा, दाऊद र बतशेबा, सोलोमन र उनको ७०० पत्नी? आदर्श विवाह पत्ता लगाउन हामीले धर्मशास्त्रमा कहाँ हेर्नुपर्छ? जब येशूलाई फरिसीहरूले मोशाले सम्बन्धविच्छेदको अनुमति दिनुभएको बारेमा प्रश्न गरे, येशूले कडा अडान लिनुभयो। मत्ती १९:४–८ ले भन्छः

*"के तिमीहरूले पढेका छैनौ, कि सृष्टिकर्ताले तिनीहरूलाई सुरूमा नै नर र नारी बनाउनुभयो, र भन्नुभयो, यसैकारण मानिसले आफ्नो पत्नीसँग मिलिरन्छ, र ती दुई जना एउटै शरीर हुनेछन्। ती अब दुई होइनन्, तर एउटै शरीर हुन्छन्। यसकारण परमेश्वरले जसलाई एकसाथ जोड्नुभएको छ, त्यसलाई कुनै मानिसले नछुट्ट्याओस्।"*

*येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूको हृदयको कठोरताले गर्दा नै मोशाले पत्नीलाई त्याग गर्ने अनुमति तिमीहरूलाई दिएका हुन्। तर सुरूदेखि यस्तो थिएन।*

दुई पटक, येशूले आफूले उल्लेख गर्नुभएको बुँदालाई प्रकट गर्नुभयो। त्यो 'सुरुवात' पछिका कुनै पनि कुराले पतित संस्कृति, पापमय संसारलाई प्रतिबिम्बित गर्दछ। येशूले विवाहको लागि परमेश्वरको योजनाको नमूनाको रूपमा पतन अघिको पहिलो विवाहलाई देखाउनुभयो। हामीले परमेश्वरको योजना र पहिलो पुरूष र स्त्रीलाई दिइएको आज्ञाको महत्वबारे अध्ययन र मनन गर्नुपर्छ। हामीले यो आशिषित् र बलियो गठबन्धनलाई दृढताका साथ दिमागमा राख्नुपर्छ किनभने अरु धेरै आवाजहरूले हामीलाई प्रलोभनमा पार्न बोलाइरहेको छ।

### संस्कृति चर्को स्वरमा चिच्याउछ

सायद तपाईंको संस्कृति शताब्दीयौं वा त्यो भन्दा पनि पछि सहस्त्राब्दीसम्म जान सक्छ। तपाईंको समाजमा पुरूष र स्त्रीहरूबीचको सम्बन्ध यसरी गाँसिएको हुन सक्छ कि, परमेश्वरको प्रत्यक्ष हस्तक्षेप बाहेक, तपाईंको संस्कृतिको बारेमा केही पनि परिवर्तन हुनेछैन। वा, सायद तपाईंको संस्कृतिले पुरूष र स्त्री बारे पहिले विश्वास गरेको सबै कुरालाइ संचार वा मनोरञ्जन वा 'कुलीन बुद्धिजीवीहरू'ले चुनौती दिन्छ र आक्रमण गर्दछ। हुनसक्छ, तपाईंको संस्कृति अचानक अमूल परिवर्तनबाट गुज्रिरहेको छ, पुरूषहरू पुरूष हुन् र महिलाहरू महिला हुन् भनी अस्वीकार गर्ने बिन्दुसम्म पनि। परमेश्वरको हस्तक्षेप बाहेक, तपाईंको समाजको नैतिक कपडा च्यातिरहेको देखिन्छ। चाहे तपाईं सोच्नै नसकिने ठोस जस्तो देखिने समाजबाट आउनुभएको होस्, तपाईंलाईं पछाडि तान्दैगरेको वा आफ्नो ठोस जग गुमाएका संस्कृतिबाट आउनुभएको होस्, 'प्रगतिशील रुपमा' तपाईं मूर्खतामा अगाडि बढ्दै हुनुहुन्छ, केवल परमेश्वरले तपाईंलाई मार्गदर्शन गर्न सक्नुहुन्छ। "यो नै बाटो हो!"भनी जब संस्कृति कराउँछ, तब तपाईं कसको कुरा सुन्नुहुन्छ?

### येशूको शिक्षाका बुदाँहरू

परमेश्वर मोशा भन्दा ठूलो अख्तियार हुनुहुन्छ – सृष्टिकर्ताको मूल योजना पहिले आयो, यो अझै पनि सत्य छ।

परमेश्वरले मानिसलाई नर र नारी गरी सृष्टि गर्नुभयो –प्रत्येक संस्कृतिलाई परमेश्वरको स्तरहरूसँग तौलिनेछ।

परमेश्वरको योजना एकता र एकरूपताको लागि हो। –सम्बन्धविच्छेद जस्ता केही अभ्यासहरू पापका कारण अस्तित्वमा छन्, परमेश्वरको योजना होइन।

पुरूषले आफ्नो बुबा र आमालाई छोड्नु पर्छ। –महिलाले आफ्ना आमाबाबुलाई छोड्नुपर्छ भनी पाठमा भनिएको छैन।

## निष्कर्ष

येशूले जस्तै, आफ्नो आँखा परमेश्वरको मौलिक अभिप्रायमा राख्नुहोस्। पुरूष र स्त्री– सँगसँगै, काँधमा काँध, एउटै उद्देश्यमा एकताबद्ध। परमेश्वरले पुरूष र स्त्रीहरूलाई समान शक्तिको रूपमा प्रेम र नेतृत्व गरेको चाहनुहुन्छ। तिनीहरू सँगै परमेश्वरको शान्ति, शक्ति, सम्मान, सद्भाव र पवित्रता प्रदर्शन गर्नको लागि हुन्।

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?